# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, भदौ ६ गते २०३४ साल**

श्री ५ को सरकार

**रक्षा मन्त्रालयको**

**सूचना**

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही नेपाली सेना जोमसोम व्यारेकको सेक्यूरिटीको लागि धवलागिरी अञ्चल, मुस्ताङ जिल्ला, ठिनी गाउँ पञ्चायत वार्ड नं. ८ मा पर्ने जम्मा जग्गा रोपनी ९-९-३ (नौ रोपनी नौ आना तीन पैसा) को जम्मा मालपोत रू. ७।६५ (सात रूपैयाँ पैसट्ठी पैसा) लाग्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

१, पूर्व कि. नं. १८ को पर्ति जग्गा, पश्चिम कि. नं. १ सैनिक एरिया, उत्तर कि. नं १ को सैनिक एरिया, दक्षिण कि. नं. ५ को मूलबाटो यति ४ किल्ला-भित्रको ओमप्रसाद थकालीका नाउँमा दर्ता भएको कि. नं. ३ को ८-६-१ पूरै कित्ता।

२, पूर्व कि. नं. ३ ओमप्रसाद थकालीकै जग्गा, पश्चिम कि.नं. ३ ओमप्रसाद थकालीकै जग्गा, उत्तर कि.नं. ३ ओमप्रसाद थकालीकै जग्गा, दक्षिण कि.नं. ५ को मूलबाटो यति ४ किल्लाभित्रको ओमप्रसाद थकालीका नाउँमा दर्ता भएको कि.नं. ४ को १-०-२ पूरै कित्ता।

आज्ञाले-
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।